# वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान बुलेटिन

# सेरोफेरो

# SEROPHERO

अंक २०७९।०८।०१ २०७९ श्रावण


| Statement of patients flow for the month of Ashad 2079 | |
|---|---|
| **OPD** | **No. of patients** |
| **GOPD** | **2622** |
| **Special OPD** | |
| Pediatrics | 3098 |
| Internal Medicine | 6579 |
| Obstetrics & Gynaecology | 5014 |
| General Surgery | 4470 |
| Cardiology | 1826 |
| Gastroenterology & | 851 |
| Pulmonary, Critical Care & | 629 |
| Dental | 2334 |
| Dermatology & Venerology | 4598 |
| ENT | 3062 |
| Ophthalmology | 1660 |
| Orthopedics | 5285 |
| Psychiatry | 1662 |
| ANAESTHESIOLOGY & | 7 |
| Other Department OPD | 1241 |
| | **42316** |
| **Emergency** | |
| Central | 3470 |
| Obstetrics & Gynecology | 1684 |
| Pediatrics | 1538 |
| | **6692** |
| | **Grand Total: 51630** |
| Paying | 2943 |
| Nepal Govt. Social | 22588 |
| Other different Scheme | 26099 |
| **Ward (IPD)** | **3949** |
| **ICU/CCU/DICU/SICU** | **127** |
| **NICU/PICU/MICU/Nursery** | **164** |
| **Dialysis** | **934** |

***Source: Medical Record Section***

## प्रतिष्ठानमा विभिन्न समितिहरु गठन तथा पुनर्गठन

प्रतिष्ठानको पर्यावरणीय सुधार, आन्तरिक मितव्ययिता एवम् सेवाग्राहीहरुको गुनासो व्यवस्थापन, संक्रमण नियन्त्रण, अपरेशन थिएटर तथा इमर्जेन्सी सेवा व्यवस्थापन साथै आचारसंहिता पालन अनुगमन गर्नका लागि उपकुलपति डा.ज्ञानेन्द्र गिरीले विभिन्न समिति/उपसमितिहरुको गठन तथा पुनर्गठन गर्नुभएको छ ।

प्रतिष्ठानका डेपुटी अस्पताल निर्देशक डा.जगतनारायण प्रसादको अध्यक्षतामा गठित ९ सदस्यीय Waste Management Committee ले अस्पतालमा संकलित अस्पतालजन्य तथा अन्य सामान्य फोहरमैलाहरुलाई वैज्ञानिक एवम् प्रभावकारी ढंगले व्यवस्थापन गर्न राय सुझाव पेश गर्नेछ । त्यसै गरि, सहायक अस्पताल निर्देशक डा.इन्द्रकुमार लिम्बूको संयोजकत्वमा गठित ८ सदस्य Lab/Radiology Audit Committee ले प्रतिष्ठानका सम्पूर्ण ल्याब तथा रेडियोलोजी विभागका मेडिकल मेसिन उपकरणहरुमा प्रयोग हुने ल्याबजन्य तथा अन्य सामाग्रीहरुको खपत तथा सो को आय-व्ययको audit गरि राय सुझाव पेश गर्नेछ । वहाँकै अध्यक्षतामा अस्पतालमा उपचारार्थ आउने बिरामी तथा तिनका कुरुवाहरुको गुनासो, सल्लाह, सुझाव, उपचारको क्रममा हुने वादविवादको व्यवस्थापन एवम् अस्पताल सेवा सुधारका लागि प्राप्त राय सुझावहरुको विश्लेषण गरी सो को उचित सम्बोधन गर्न रायसहितको सुझाव पेश गर्न ६ सदस्यीय गुनासो व्यवस्थापन समिति गठन गरिएको छ । प्रतिष्ठानका शिक्षक, चिकित्सक तथा कर्मचारीहरुले समय समयमा आचारसंहिता विपरित कार्य गरेको प्राप्त गुनासोहरु सम्बन्धमा ठोस कदम उठाई यस्ता प्रवृतीहरु रोक्न उचित कारवाहीको सिफारिस गर्न डेपुटी अस्पताल निर्देशकको अध्यक्षतामा मेडिकल डेन्टल वेलफेयर सोसाइटीका अध्यक्ष र कर्मचारी कल्याण समाजका अध्यक्ष सहितको ६ सदस्यीय Hospital Disciplinary Action Committee गठन गरिएको छ ।

यसका साथै,डेपुटी अस्पताल निर्देशकको अध्यक्षतामा OT User's Committee, Hospital Infection Control Committee र Emergency Advisory Committee हरुको पुनर्गठन गरिएको छ । OT User's Committee ले प्रतिष्ठानको अस्पताल सेवा अन्तर्गतका विभिन्न अपरेशन थिएटरहरु सुव्यवस्थित

### <u>हार्दिक अनुरोध</u>

समाचारजन्य जानकारी, कार्यक्रम तथा स्वास्थ्य सम्बन्धी लेख, रचना आदि सूचना तथा संचार केन्द्रमा उपलब्ध गराई दिनुहुन सम्पूर्ण शिक्षक, चिकित्सक, कर्मचारी, विद्यार्थीवर्ग एवम् सम्बद्ध सबैमा हार्दिक अनुरोध गर्दछौं । कृपया आफ्ना सामाग्रीहरू Kantipur Font मा पठाई दिनुहुन पनि अनुरोध गर्दछौं ।

**- सूचना तथा सञ्चार केन्द्र**

संचालन गर्न, गराउन तथा उपलब्ध थिएटरहरुको अधिकतम सदुपयोग गर्न गराउन आवश्यक मार्ग निर्देशन गर्न, नीति तर्जुमा गर्ने र सो को कार्यन्वयनको अनुगमन गर्ने, अपरेशन थिएटरको प्रयोगमा सम्बन्धित विभाग बीच समन्वय कायम राख्न तथा सो सम्बन्धमा आइपर्ने समस्याहरुको समाधानार्थ आवश्यक पहल गर्नेछ । उक्त समितिको सदस्य-सचिवमा सहायक अस्पताल निर्देशक डा.लोकेशशेखर जैसवाल रहनुभएको छ। माइक्रोबायोलोजी विभागका प्रमुख डा.नारायाणराज भट्राई सदस्य–सचिव रहेको Hospital Infection Control Committee ले प्रतिष्ठानको अस्पतालमा हुनसक्ने संक्रमणलाई नियन्त्रण गर्नका लागि आवश्यक नीति तथा मार्ग निर्देशन गर्नेछ तथा सो को कार्यन्वयनको अनुगमन गर्नेछ । प्रतिष्ठानको इमर्जेन्सी सेवालाई चुस्त दुरुस्त एवम् सुचारु रुपले संचालन गर्न, गराउन सम्बन्धित सम्पूर्ण विभागहरु बीच समन्वय तथा आपसी समझदारी कायम राख्न, सो सम्बन्धी आवश्यक प्रोटोकल तर्जुमा गर्न एवम् सो को अनुगमन गर्नका लागि गठित Emergency Advisory Committee को सदस्य–सचिवमा Emergency & General Practice विभागका प्रमुख प्रा.डा.ज्ञानेन्द्र बहादुर मल्ल रहनु भएको छ ।

## कार्यशाला गोष्ठीको आयोजना

प्रतिष्ठानमा "Point of Care Ultrasound for ICU and Preoperative Care" नामक कार्यशाला गोष्ठी आयोजना गरिने भएको छ ।

अल्ट्रासाउण्ड विरामीको रोग पत्ता लगाउने महत्वपूर्ण उपकरण हो । अहिले आएर यो उपकरण रेडियोलोजी विभागमा मात्र सिमित नभएर विभिन्न विभागहरु जस्तैः Obstetrics & Gynecology, Emergency, Anesthesiology and Critical Care र अन्य विभागमा उच्च प्राथमिकताका साथ प्रयोग हुन थालेको छ । यसको सहायताले Emergency, ICU र अपरेशनको बेलामा भर्ना हुने सिकिस्त बिरामीहरुको रोग पत्ता लगाउन र उपचार गर्न छिटो र सजिलो हुन्छ ।

एनेस्थेसियोलोजी एण्ड क्रिटिकल केयर विभागले जुलाई २३, २०२२ मा आयोजना गर्न लागेको उक्त कार्यशाला गोष्ठीको Organizing Chairperson मा विभागका प्रमुख प्रा.डा.सत्येन्द्र नारायण सिंह रहनु भएको छ भने Organizing Secretary मा प्रा.डा.सिन्धु खतिवडा हुनुहुन्छ । उक्त गोष्ठीमा विभागका सम्पूर्ण शिक्षकहरुको सहभागिता हुनेछ । यो गोष्ठी प्रतिष्ठान तथा नेपालका पूर्वी भेगका चिकित्सकहरुलाई लक्षित गरी आयोजना गरिएको छ । उक्त गोष्ठीमा प्रतिष्ठान तथा बाहिरका गरी कम्तिमा ५० जना चिकित्सकहरु सहभागी हुने आशा गरिएको छ ।

## विराटनगर, गाइघाट र भद्रपुरमा इन्टर्नसिप कार्यक्रम पुनः सूचारु

प्रतिष्ठानमा अध्ययनरत एम.बी.बी.एस./ बी.डी.एस.लगायत स्नातक तहका विद्यार्थीहरुको Teaching/Learning कार्यक्रम अन्तर्गत प्रतिष्ठानले सुनसरी, धनकुटा, ईलाम, झापा, सप्तरी, मोरङ्ग, सिरहा र उदयपुर गरी ८ जिल्लाहरुलाई आफ्नो शिक्षण जिल्लाका रुपमा तोकिआएको छ । उक्त जिल्लाहरुमा रहेका जिल्ला अस्पताल, जिल्ला जनस्वास्थ्य कार्यालय, प्राथामिक स्वास्थ्य केन्द् साथै प्रादेशिक अस्पतालहरुमा आफ्ना विद्यार्थीहरुलाई खटाई इन्टर्नसिप पोष्टिङ्ग कार्यक्रम संचालन गर्दै आइरहेकोमा विगत २ वर्षदेखि कोभिड १९ का कारण मोरङ्गको विराटनगर, उदयपुरको गाईघाट र झापाको भद्रपुरमा स्थगित उक्त कार्यक्रम मिति २०७९ जेष्ठ १ गतेदेखि पुनः सुचारु गरिएको छ । साथै, हाल संचालनमा रहेका जिल्लाहरु बाहेक आगामी दिनहरुमा अन्य जिल्लाहरुमा पनि उक्त कार्यक्रम विस्तार गर्दै लैजाने कार्य अगाडि बढिरहेको छ ।

## ओरल एण्ड मेक्सिलोजीफेसियल सर्जरी विभाग पूर्वी नेपालको एकमात्र Cleft Care Centre

Cleft Lip and Palate अर्थात फाटेको ओठ र तालु मानिसको अनुहारमा हुने एक प्रकारको जन्मजात विकृति हो । यसमा बच्चा जन्मदै उसको ओठ फाटिएको हुन्छ । ओठको फटाई अनुहारको एकछेउ वा दुवै छेउमा हुन सक्छ । त्यसैगरी तालु फुटेका (Palate) बिरामीको मुखको माथिल्लो भागमा प्वाल हुन्छ । यसमा तालु मात्र नभएर कहिलेकाही ओठ पनि सँगै फाटेको हुन सक्छ । यस प्रकारको Cleft Lip and Palate भएकाहरुलाई खाना खान, बोल्न, सुन्नमा कठिनाई आउन सक्छ ।

LEFT COMPLETE CLEFT LIP



Before Surgery 1 day after Surgery 6 months after Surgery

BILATERAL CLEFT LIP



Before Surgery After Surgery 1 week after Surgery

CLEFT PALATE



Before Surgery After Surgery 1 month after surgery

प्रतिष्ठान तथा Smile Train Organization को संयुक्त साझेदारीमा कलेज अफ डेन्टल सर्जरी अन्तर्गत ओरल एण्ड मेक्सिलोफेसियल सर्जरी विभागले Cleft Lip and Palate का बिरामी भएका बालबालिकालाई निःशुल्क उपचार सेवा प्रदान गर्दै

आएको छ । Smile Train एउटा गैरनाफामुखी परोपकारी संस्था हो, जसले ओठ र तालु फाटेका बालबालिकाहरुका लागि सुधारात्मक शल्यक्रिया सेवामा सहयोग प्रदान गर्दछ। प्रतिष्ठानमा यस्ता बिरामीहरुको शल्यक्रिया, वार्ड बसाई, औषधी, रगत तथा अन्य जाँचहरुका लागि आवश्यक पर्ने सम्पूर्ण खर्च यस संस्थाको सहयोगमा हुदै आएको छ ।

ओरल एण्ड मेक्सिलोफेसियल सर्जरी विभाग पूर्वी नेपालको यस प्रकारको सेवा एवम् परामर्श प्रदान गर्ने एकमात्र Cleft Care Centre को रुपमा रहेको छ । Cleft Lip and Palate को उपचार एवम् हेरचाहको लागि सर्जनहरु, बालरोग विषेशज्ञहरु, एनेस्थेसियोलोजिष्ट हरु, इ.एन.टी.सर्जनहरु, पेडोडोन्टिस्टहरु, अर्थोडोन्टिस्टहरु र स्पिचथेरापिष्टहरु सम्मिलित एउटा सबल एवम् दक्ष टोलीको संयुक्त प्रयासको आवश्यकता पर्दछ । यस प्रकारको उपचार हेरचाहमा सबैले व्यापक एवम् सामुहिक रुपमा कार्य गर्छन्, जुन प्रतिष्ठान बाहेक पूर्वी नेपालको अन्यत्र कुनै स्थानमा छैन । Cleft Lip and Palate भएका बालबालिकाहरुका उपचारका लागि कलेज अफ डेन्टल सर्जरी, ओरल एण्ड मेक्सिलोफेसियल सर्जरी विभागको सम्पर्क नं. ९८०२३३०७६० मा सम्पर्क गर्न सकिन्छ ।

## जेष्ठ नागरिकहरुका लागि सञ्चालित निःशुल्क कृत्रिम दन्त शिविरमा सहयोग

नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत पांचथरको फिदिम अस्पतालको अनुरोधमा जेष्ठ नागरिकहरुलाई लक्षित गरी आषाढ १६ देखि २० गतेसम्म सञ्चालित निःशुल्क कृत्रिम दन्त शिविर (Denture Camp) मा प्रतिष्ठानको कलेज अफ डेन्टल सर्जरी, प्रोस्थोडोन्टिक्स विभागले चिकित्सक एवम प्राविधिकहरु उपलब्ध गराई जेष्ठ नागरिकहरुलाई सेवा प्रदान गरी शिविर सञ्चालनमा सहयोग गरेको थियो । उक्त कार्यक्रममा ७ जना जुनियर रेसिडेन्ट, १ जना डेन्टल सर्जन र १ जना ल्याब असिस्टेन्टबाट सेवा प्रदान गरिएको थियो ।

## प्रतिष्ठानको केन्द्रिय पुस्तकालयः एक परिचय

प्रतिष्ठान स्थापनासँगै स्वास्थ्य जस्तो अति संवेदनशील र महत्वपूर्ण क्षेत्रमा यसको नवीनतम ज्ञान, सूचना र प्रविधिलाई पाठकवर्ग समक्ष सहज पहुॅच पुऱ्याउने उद्देश्यले सन् १९९३ जुलाई १६ मा केन्द्रिय पुस्तकालय स्थापना भई निरन्तर सूचनाको संग्रह र प्रवाह गरी शैक्षिक तथा अनुसन्धनात्मक कार्यक्रममा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ ।

हाल केन्द्रिय पुस्तकालयमा विभिन्न मेडिकल विधाहरुका पुस्तक, जर्नल र आवश्यक पाठ्य सामाग्रीहरु उपलब्ध छ । यस वर्ष करीब २३९ भोल्युम नयाँ संस्करण र टाइटल्सका पुस्तकहरु थप भएको छ । यस पुस्तकालयले पाठकवर्गलाई आइतबार देखि बिहिबार बिहान ८:०० बजेदेखि बेलुका १०:०० बजेसम्म र शुक्रबार शनिबार बिहान ८:०० बजेदेखि बेलुका ५:०० बजेसम्म हप्ता भरिनै आफ्नो सेवा प्रवाह गरिरहेको छ ।

केन्द्रिय पुस्तकालयमा नवीनतम सूचना प्रविधिको प्रयोगबाट पाठकवर्गमा हरेक क्षेत्रका सूचना र ज्ञानको समयमै सहज रुपमा पहुँच पुगोस भन्ने उद्देश्यका साथ पुस्तकालय सर्भरको व्यवस्थापन गरी E-Library संचालनमा ल्याइएको छ । यसले E-Library मार्फत हजारौ मेडिकल जर्नल, Database जस्तैः CINAHL, WHO Digital Publications तथा रेफेरेन्स Resources जस्तैः Clinical Key, Cochrane Library जस्ता अति उपयोगी स्रोतहरुको सहज पहुँचको व्यवस्था गरेको छ ।

यस पुस्तकालयमा Open Source Software (Free Software) Dspace को प्रयोग गरी Digital Library को व्यवस्था गरी शिक्षक तथा स्नातकोत्तर विद्यार्थीहरुका शोधकार्य (Thesis) जस्ता महत्वपूर्ण सूचनालाई संग्रह, व्यवस्थापन तथा पाठकवर्गको सहज पहुँच access हुन सक्ने गरी व्यवस्था मिलाइएको छ भने नयाँ नयाँ शोधकार्यहरुलाई क्रमशः Digital Library मा संगह गर्ने कार्य भइरहेको छ । यसका साथै, यस पुस्तकालयबाट बिरामी उपचार सेवा र पठनपाठनका लागि अति उपयोगी Up-To-Date Databases प्रतिष्ठानभित्र एवम् सर्वसाधारणले समेत Subscribe गर्न सक्ने गरी Mobile मा Access को व्यवस्था गरिएको छ । यसको करीब ३०० भन्दा बढी प्रयोगकर्ताले उपयोग गरिरहेकोमा अधिकतम् प्रयोग बिरामी उपचार सेवाको लागि भइरहेको तथ्यांकबाट देखिन्छ । यस बाहेक E-Library मार्फत विभिन्न उपयोगी Link हरु राखी सेवालाई प्रतिष्ठानको Networking भित्र सबैको पहुँचका लागि प्रतिष्ठानको Homepage मा Link गरिएको छ भने IP Address: 192.168.24.121:8000 बाट समेत पुस्तकालयको E-Library को पहुँचको व्यवस्था मिलाइएको छ ।

**सुविसु केवलनेट सेवाको दररेट**
**(Price Schedule for different bandwidth Options)**

**Internet + TV**

| Band-width | One Month | Three Month | Six Month | One Year |
|---|---|---|---|---|
| 25 Mbps | 750 | 2100 | 3750 | 7500 |
| 30 Mbps | 850 | 2400 | 4250 | 8500 |
| 50 Mbps | 1150 | 3300 | 5750 | 11500 |

**Note: Price for residential area**

**Internet**

| Package | One Month | Three Month | Six Month | One Year |
|---|---|---|---|---|
| 10 Mbps | 400 | 1050 | 2000 | 4000 |
| 15 Mbps | 500 | 1350 | 2500 | 5000 |
| 30 Mbps | 700 | 1950 | 3500 | 7000 |

**Note: Price for Hostel**

**FTTH Service – Initial Setup Charges**

| **Installation Charge** | **Free** |
|---|---|
| Support Charge | Free |
| ONU Activation | 500 |
| STB Activation | 500 |
| Drop Cable | Free |

***Source: Computer Management Section***

## सामुदायिक दन्त चिकित्सा विभागबाट संचालित दन्त उपचार सेवा

यस प्रतिष्ठानको दन्तचिकित्सा महाविद्यालय अन्तर्गत सामुदायिक दन्त चिकित्सा विभागले समुदायमा गएर प्रत्यक्ष रुपमा निःशुल्क दन्त सेवा प्रदान गर्दै आइरहेको छ । यस विभागले समुदायमा प्रदान गर्ने सेवाको कार्यतालिका निम्न बमोजिम रहेको छ ।

| महिनाको | स्थान | प्रदान गर्ने सेवा | असार १ गते देखि असार ३२ गतेसम्म |
|---|---|---|---|
| प्रत्येक आइतबार | विभिन्न सामुदायिक विद्यालय | विद्यालयका विद्यार्थीहरुको निःशुल्क दन्त परीक्षण तथा उपचार | जनता आधाभूत विद्यालय ठिंगाबारी, धरानमा २५ जना विद्यार्थीहरुको निःशुल्क दन्त परिक्षण गरियो जसमध्ये १५ जना विद्यार्थीको निःशुल्क दांत फुकाल्ने र दांत भर्ने कार्य गरियो । यसैगरी भगवती प्राथामिक विद्यालय चतरामा गई ३५ जना विद्यार्थीको निःशुल्क विस्तृत दन्त परिक्षण गरिएको । |
| प्रत्येक मंगलबार | मातृशिशु स्वास्थ्य सेवा केन्द्र, इटहरी | गर्भवती महिला लगायत अन्यलाई निःशुल्क दन्त परीक्षण र नियमित मुख स्वास्थ्य सम्बन्धी जानकारी | २१ जना बिरामीहरुको विस्तृत दन्त तथा मुख परीक्षण गरिएको । |
| पहिलो शुक्रबार | सांगुरीगढी स्वास्थ्य चौकी, भेडेटार | निःशुल्क दन्त परीक्षण र उपचार | |
| दोस्रो शुक्रबार | हांसपोसा स्वास्थ्य चौकी, इटहरीमा | निःशुल्क दन्त परीक्षण र उपचार | ३ जना बिरामीको दन्त परीक्षण गरिएकोमध्ये १ जना बिरामीको दांत निकालिएको । |
| तेस्रो शुक्रबार | चतरा अस्पताल | आवासिय दन्त चिकित्सकसहित डेन्टल इन्टर्नहरुबाट नियमित एवम् २४ सै घण्टा आकस्मिक दन्त सेवा | २०२ जना बिरामीहरुको दन्त परीक्षण तथा उपचार गरिएको । |
| अन्तिम शुक्रबार | टंकिसिनवारी स्वास्थ्य चौकी | निःशुल्क दन्त परीक्षण र उपचार | ७ जना बिरामीको मुख तथा गिजा परीक्षण गरी आवश्यक सल्लाह सुझाव पनि दिइएको । |
| कुनै एक बिहिबार | विभिन्न ठाउंहरु | निःशुल्क दन्त शिविर संचालन | असार २३ गते आरम्भ विद्या मन्दिर, झुम्कामा निःशुल्क दन्त शिविर गरि १७५ जना विद्यार्थीको विस्तृत दन्त परीक्षण र १९ जनाको दांत फुकालिएको |

**OPD Schedule of B.P. Koirala Institute of Health Science, Dharan, Nepal**

| Department | Sunday | Monday | Tuesday | Wednsday | Thursday | Friday |
|---|---|---|---|---|---|---|
| Ophthalmology | Prof. Dr. Poonam Lavaju | Dr. Bhuwan Govinda Shrestha | Dr. Santosh Chaudhary | Dr. Bhuwan Govinda Shrestha | Prof. Dr. Poonam Lavaju | Dr. Bhuwan Govinda |
| | Dr. Sangita Sah | Dr. Santosh Chaudhary | | Dr. Santosh Chaudhary | Dr. Sangita Sah | Dr. Santosh Chaudhary |
| Psychiatry | Prof. Dr. Dhana Ratna Shakya | Prof.Dr. Baikuntha Raj Adhikari | Prof. Dr. Dhana Ratna Shakya | Prof.Dr. Baikuntha Raj | Prof. Dr. Dhana Ratna Shakya | Prof.Dr. Baikuntha Raj |
| | Dr. Sanjeev Kumar Mishra | Dr. Rinku Gautam Joshi | Dr. Sanjeev Kumar Mishra | Dr. Suraj Nepal | Dr. Sanjeev Kumar Mishra | Dr. Rinku Gautam |
| | Dr. Suren Limbu | Dr. Suraj Nepal | Dr. Suren Limbu | Dr. Suren Limbu | Dr. Rinku Gautam Joshi | Dr. Suraj Nepal |
| | Dr. Rajesh Kumar (Psychology) | Dr. Binod K. Deo (Psychology) | Dr. Rajesh Kumar | Dr. Binod Kumar Deo | Dr. Rajesh Kumar (Psychology) | Dr. Binod Kumar Deo |
| Orthopaedics | Prof. Dr.Guru Prasad Khanal | Prof. Dr. Pashupati Chaudhary | Prof.Dr. Bikram Prasad | Prof. Dr.Guru Prasad Khanal | Prof. Dr. Pashupati Chaudhary | Prof.Dr. Bikram Prasad |
| | Dr. Rajiv Maharjan | Dr. Roshan Prasad Shah | Dr. Bishnu Pokharel | Dr. Rajiv Maharjan | Dr. Roshan Prasad Shah | Dr. Bishnu Pokharel |
| | Dr. Amit Limbu | Dr. Ashish Pndey | Dr. Pramod Baral | Dr. Amit Limbu | Dr. Ashish Pndey | Dr. Pramod Baral |
| | Dr. Jitendra Shah | Dr. Yam Bahadur Gurung | Dr. Amit Bikram Shah | Dr. Jitendra Shah | Dr. Yam Bahadur Gurung | Dr. Amit Bikram Shah |
| Internal Medicine | Prof. Dr. Sanjib Kumar Sharma | Dr. Robin Maskey | Prof. Dr. Sanjib Kumar | Dr. Robin Maskey | Dr. Sonia Dulal | Dr. Robin Maskey |
| | Dr. Sonia Dulal | Dr. Bibek Kattel | Dr. Sonia Dulal | Dr. Bibek Kattel | Dr. Bhupendra Shah | Dr. Bibek Kattel |
| | Dr. Bhupendra Shah | | Dr. Prashant Mani Tripathi | | Dr. Prashant Mani Tripathi | |
| | Dr. Prashant Mani Tripathi | | | | | |
| Cardiology | Prof. Dr. Prahlad Karki | Dr. Navin Kumar Pandey | Prof. Dr. Prahlad Karki | Dr. Navin Kumar Pandey | Prof. Dr. Prahlad Karki | Dr. Navin Kumar |
| Gastroenterology | | Prof. Dr. Bickram Pradhan | | | Prof. Dr. Bickram Pradhan | |
| | | Dr. Denis Piyush | | | Dr. Denis Piyush | |
| Pulmonary, Critical Care and Sleep Medicine | | | Prof. Dr. Narendra Bhatta | | | Prof. Dr. Narendra Bhatta |
| | | | Dr. Deebya Raj Mishra | | | Dr. Deebya Raj Mishra |
| Surgery | Prof. Dr. Shailesh Adhikary | Prof. Dr. Rakesh Kumar Gupta | Prof. Dr. Shailesh Adhikary | Prof. Dr. Rakesh Kumar Gupta | Prof. Dr. Shailesh Adhikary | Prof. Dr. Rakesh |
| | Dr. Suresh Prasad Sah | Dr. Rikesh Jung Karki | Dr. Suresh Prasad Sah | Dr. Rikesh Jung Karki | Dr. Suresh Prasad Sah | Dr. Rikesh Jung Karki |
| | Dr. Kunal Bikram Deo | Dr. Rajesh Prasad Sah | Dr. Lokesh Shekhar Jaiswal | Dr. Rajesh Prasad Sah | Dr. Lokesh Shekhar Jaiswal | Dr. Rajesh Prasad Sah |
| | Dr. Sharada Khadka | Dr. Abhijeet Kumar | Dr. Bijay Sah | Dr. Abhijeet Kumar | Dr. Bijay Sah | Dr. Abhijeet Kumar |
| | Dr. Rupesh Prasad Sah | Dr. Alok Dahal | Dr. Kunal Bikram Deo | Dr. Alok Dahal | Dr. Kunal Bikram Deo | Dr. Alok Dahal |
| | Dr. Nirmal Prasad Sah | Dr. Bhawani Khanal | Dr. Sarada Khadka | Dr. Bhawani Khanal | Dr. Sarada Khadka | Dr. Bhawani Khanal |
| | Dr. Vijay Shrestha | Dr. Samir Chaudhary | Dr. Rupesh Prasad Sah | Dr. Samir Chaudhary | Dr. Rupesh Prasad Sah | Dr. Samir Chaudhary |
| | | | Dr. Nirmal Prasad Sah | | Dr. Nirmal Prasad Sah | |
| | | | Dr. Vijay Shrestha | | Dr. Vijay Shrestha | |
| ENT | Prof. Dr. Shyam Thapa | Prof. Dr. Shyam Thapa | Dr. Deepak Paudel | Dr. Deepak Paudel | Prof. Dr. Shyam Thapa | Dr. Deepak Paudel |
| | Dr. Shankar Prasad Sah | Dr. Shankar Prasad Sah | Dr. Paras Raj Amatya | Dr. Paras Raj Amatya | Dr. Shankar Prasad Sah | Dr. Paras Raj Amatya |
| | Dr. Sudeep Mishra | Dr. Sudeep Mishra | | | Dr. Sudeep Mishra | |
| Dertamatology | Prof. Dr. Sudha Agrawal | Dr. Nidhi Sah | Dr. Dhan Keshar Khadka | Dr. Nidhi Sah | Prof. Dr. Sudha Agrawal | Dr. Dhan Keshar |
| | Dr. Prajwal Pandey | | Dr. Suchana Marahatta | | Dr. Prajwal Pandey | Dr. Suchana Marahatta |
| GP & Emergency Medicine | Dr. Rajani Giri | Dr. Rabin Bhandari | Dr. Rabin Bhandari | Dr. Ashok Yadav | Dr. Ajay K. Yadav | |
| | Dr. Ajay Kumar Yadav | Dr. Masum Paudel | Dr. Masum Paudel | Dr. Pramendra Gupta | Dr. Ritesh Chaudhary | |
| | Dr. Ritesh Chaudhary | Dr. Ashok Yadav | Dr. Rajani Giri | Dr. Bijaya Devi Aryal | Dr. Vijay K. Shrivastav | |
| | Dr. Bijaya Devi Aryal | Dr. Pramendra Gupta | Dr. Vijay K. Shrivastav | | | |
| Obstetrics &Gynaecology | Prof. Dr. Mohan Chandra | Prof. Dr. Mohan Chandra Regmi | Dr. Pappu Rijal | Dr. Pappu Rijal | Dr. Achala Thakur | Dr. Achala Thakur |
| | Dr. Pritha Basnet | Dr. Pritha Basnet | Dr. Punita Yadav | Dr. Punita Yadav | Dr. Anamika Das | Dr. Anamika Das |
| | Dr. Tulasa Basnet | Dr. Tulasa Basnet | Dr. Manoj Kumar Sah | Dr. Manoj Kumar Sah | Dr. Sarita Sitaula | Dr. Sarita Sitaula |
| | Dr. Ramesh Shrestha | Dr. Ramesh Shrestha | Dr. Manisha Chhetri | Dr. Manisha Chhetri | | |
| | Dr. Baburam (Dixit) Thapa | Dr. Baburam (Dikshit) Thapa | Dr. Jyotsna Yadav | Dr. Jyotsna Yadav | | |
| | Dr. Dipa Shah | Dr. Dipa Shah | | | | |
| | Dr. Surya Prasad Rimal | Dr. Surya Prasad Rimal | | | | |
| Paediatrics | Dr. Shyam Prasad Kafle | Dr. Shipra Chaudhary | Dr. Shipra Chaudhary | Prof. Dr. Nisha Keshari Bhatta | Prof. Dr. Prakash Paudel | Dr. Shankar Prasad |
| | Dr. Basant Rai | Dr. Shankar Prasad Yadav | Dr. Mukesh Bhatta | Dr. Arun Kumar Singh | Dr. Shyam Prasad Kafle | Dr. Basant Rai |
| | | Dr. Jitendra Thakur | | Dr. Jitendra Thakur | Dr. Mukesh Bhatta | Dr. Arun K. Singh |

**Status of Operations done in Ashad, 2079**

| Types of OT | Major | | Intermediate | | Minor | | Total |
|---|---|---|---|---|---|---|---|
| | General | Paying | General | Paying | General | Paying | |
| Routine | 422 | 292 | 50 | 36 | 128 | 27 | **955** |
| Obst. & Gynae | 413 | 3 | 10 | 0 | 113 | 0 | **539** |
| Emergency | 123 | 0 | 29 | 0 | 17 | 0 | **169** |
| Day Care | | | 9 | 44 | 35 | 94 | **182** |
| Derma * | 64 | 11 | 469 | 68 | 334 | 40 | **986** |
| **Total** | **1022** | **306** | **567** | **148** | **627** | **161** | **2831** |
| **General OT : 2216** | ***Number of safe abortion care service done in Ashad, 2079: 56*** | | | | | | |
| **Paying OT: 615** | ***Number of cases done in Cardiac Catheterization Laboratory: 123*** | | | | | | |

**** 88 Asthetic procedures included in minor***

***Source: Office of the Metron***


## सम्पादन समूह

प्रा.डा.कृष्णा पोखरेल, प्रवक्ता
डा.चुरामणी पोखरेल, सह-प्रवक्ता
अमृतप्रसाद ढकाल, जनसम्पर्क सल्लाहकार
दिव्यराज थापा, शाखा अधिकृत
निरज पोखेल, सि.क्लर्क
सूचना तथा सञ्चार केन्द्र
फोन नं.:०२५-५२५५५५-४०००/२०९२
info.bpkihs@bpkihs.edu
spokesperson.bpkihs@bpkihs.edu